बैंठक संख्याः- ३७

आज मिति २०८२/१२/१७ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री टुक्की शेर्पा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

## सोलुदुधकुण्ड नगरपालिका, नगरकार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मितिः- २०८२/१२/१७ गते

समयः- दिउसो १:०० बजे

स्थानः- नगरप्रमुखज्यूको कार्यकक्ष

<table>
<tr><td>१.</td><td>नगरसभाको हिउँदे अधिवेशनको मिति र स्थान निर्धारिण सम्वन्धमा</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नीति, कार्यक्रम, बजेट संशोधन, अर्धवार्षिक प्रगति प्रतिवेदन तथा अन्य आवश्यक प्रस्तावहरू माथि छलफल तथा निर्णय गर्ने सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक वर्ष २०८२ को नगरसभाको ०८३/ हिउँदे अधिवेशन मिति २०८२ २५/१२/ गतेका दिन आह्वान गर्ने निर्णय गरियो।अधिवेशन हिमालयन किचन सल्लेरीमा सञ्चालन गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>२.</td><td>अर्धवार्षिक समिक्षा सम्बन्धमा</td><td>आ.व. २०८२/०८३ को प्रथम अर्धवार्षिक अवधिमा यस सोलुदुधकुण्ड नगरपालिकावाट सम्पादित कार्यक्रम तथा आयोजनाहरुको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन अनुमोदनका लाग आगामी नगरसभाको १७ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो</td></tr>
<tr><td>३.</td><td>सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको भेरिएसन सम्वन्धमा</td><td>सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यसँग सम्बन्धित खरीद सम्झौताको क्रममा तयार गरिएको लागत अनुमानमा समावेश नभएका तथा पूर्वानुमान गर्न नसकिएको विशेष परिस्थिति उत्पन्न भएको भनी प्राविधिक प्रतिवेदनबाट पुष्टि भएकोले, सार्वजनिक खरीद नियमावली, २०६४ को दफा ११८ बमोजिम भेरियसन आदेश जारी गरी कुल सम्झौता रकमको ३.२६ प्रतिशतले हुन आउने रकम रु. २३,२९,०५४/८४ वरावरको भेरियसन स्वीकृत गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>४.</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>यस नगरपालिकामा दर्ता भएका स्वास्थ्य उपचार प्रयोजन तथा विपदजन्य कारणले आर्थिक कठिनाइमा परेका देहायका निवेदकहरूको निवेदन सम्वन्धमा नगरपालिकावाट स्वीकृत "स्वास्थ्य उपचार तथा विपद सम्वन्धी आर्थिक सहायता कार्यविधि, २०८०" बमोजिम परीक्षण गर्दा स्वास्थ्य उपचार तथा विपद सम्बन्धी आर्थिक सहायता प्रदान गर्ने मापदण्डभित्र पर्ने देखिएको हुँदा सोही कार्यविधिको दफा ९ को उपदफा ३(क) बमोजिम आवश्यक आर्थिक सहायता उपलव्ध गराउने
<table>
<tr><th>सि.नं.</th><th>नाम, थर</th><th>ठेगाना</th><th>विवरण</th><th>स्वीकृत रकम</th></tr>
<tr><td>१</td><td>पुम्छोङ शेर्पा</td><td>सोलु दु.न.पा.,९</td><td>क्यान्सर पीडित</td><td>२०,०००/-</td></tr>
<tr><td>२</td><td>सुविन वि.क.</td><td>सोलु दु.न.पा.,६</td><td>कामको सिलसिलमा लडी टाउकोमा गम्भीर चोट</td><td>२०,०००/-</td></tr>
<tr><td>३</td><td>भक्त वहादुर कार्की</td><td>सोलु दु.न.पा.,११</td><td>आगलागीले गोठ पूर्ण रुपमा क्षति पशु क्षति</td><td>२०,०००/-</td></tr>
<tr><td>४</td><td>टेकराज श्रेष्ठ</td><td>सोलु दु.न.पा.,८</td><td>चट्याङको कारण १७ वटा वाख्राको मृत्यु</td><td>२०,०००/-</td></tr>
<tr><td>५</td><td>रास वहादुर मगर</td><td>सोलु दु.न.पा.,६</td><td>विपन्न विरामी</td><td>२०,०००/-</td></tr>
<tr><td>६</td><td>विर वहादुर आले मगर</td><td>सोलु दु.न.पा.,६</td><td>मोटरसाइकल दुर्घटना</td><td>२०,०००/-</td></tr>
<tr><td>७</td><td>लाक्पा डोमा शेर्पा</td><td>सोलु दु.न.पा.,१०</td><td>पहिरोले घर क्षति</td><td>२०,०००/-</td></tr>
<tr><td>८</td><td>सुभय तामाङ</td><td>सोलु दु.न.पा.,१०</td><td>आगलागिले घर क्षति</td><td>२०,०००/-</td></tr>
<tr><td>९</td><td>सेना लामा</td><td>सोलु दु.न.पा.,४</td><td>क्यान्सर पीडित</td><td>२०,०००/-</td></tr>
<tr><td>१०</td><td>दाकिपा शेर्पा</td><td>सोलु दु.न.पा.,१०</td><td>चटयाङ पीडित</td><td>२०,०००/-</td></tr>
<tr><td>११</td><td>वाङ्जी शेर्पा</td><td>सोलु दु.न.पा.,१०</td><td>नशा सम्वन्धी विरामी</td><td>२०,०००/-</td></tr>
</table></td></tr>
</table>

| | | |
|---|---|---|
| ५. | अन्तर स्थानीय तह सरुवा सहमति सम्वन्धमा | कोशी प्रदेश सरकारको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ (४) मा भएको व्यवस्था बमोजिम यस कार्यालयमा कार्यरत सहायकस्तर पाँचौं तहको कर्मचारी श्री सुशिला दाहाल आचार्यलाई वडा नं ११ को कार्यालयको सिफारिस समेतका आधारमा अन्तर स्थानीय तह सरुवाका लागि सहमति प्रदान गर्ने निर्णय गरियो। |
| ६. | फर्निचर निर्माणको रकम भुक्तानी सम्वन्धमा | गत आ.व. २०८१/०८२ मा निर्माण सम्पन्न सोलुदुधकुण्ड नगरपालिका वडा नं. ८, केरुङ र वडा नं. १०, टाप्टिङका प्रशासनिक भवनमा फर्निचर निर्माण कार्य भइ भुक्तानी व्यवस्थापन गर्ने सम्बन्धमा वडा नं. ८, केरुङको फर्निचर निर्माणतर्फ जम्मा रु. ८,८२,९८८/- खर्च भएकोमा हिमालयन डिष्टीलरी प्रा.लि. ले सामाजिक उत्तरदायित्व अन्तर्गत रु. ५,०४,०००/- सम्बन्धित फर्मलाई भुक्तानी गरिसकेको र बाँकी रु. ३,७८,९८८/- भुक्तानी गर्न बाँकी रहेको देखिएको र वडा नं. १०, टाप्टिङको फर्निचर निर्माणतर्फ जम्मा रु. ९,४८,२२०/- खर्च भएकोमा आ.व. २०८२/०८३ को कार्यक्रममा रु. ७,००,०००/- मात्र बजेट विनियोजन भएकोले अपुग रु. २,४८,२२०/- रहेको सम्वन्धमा वडा नं. ८, केरुङको बाँकी भुक्तानी रु. ३,७८,९८८/- र वडा नं. १०, टाप्टिङको अपुग रकम रु. २,४८,२२०/- गरी जम्मा रु. ६,२७,२०८/- (अक्षरुपी रु. छ लाख सत्ताइस हजार दुई सय आठ रुपैयाँ मात्र) यस कार्यालयको "मेशिनरी तथा फर्निचर" शीर्षकमा विनियोजित बजेटबाट खर्च लेखी भुक्तानी गर्ने। |
| ७. | प्रदेश समपुरक योजनामा समावेश गर्नु पर्ने योजना छनौट सम्वन्धमा | प्रदेश समपूरक अनुदान कार्यक्रम अन्तर्गत यस सोलुदुधकुण्ड नगरपालिका बाट सञ्चालन गरिने योजनाहरु मध्ये प्राथमिकताका आधारमा देहाय बमोजिम योजना छनौट गरी प्रदेश सरकार समक्ष प्रस्तावना पेश गर्ने निर्णय गरियो।<br>१. सोलुदुधकुण्ड नगरपालिका वडा नं २ मोपुङ पर्यटकीय पूर्वाधार निर्माण |
| ८. | विशेष योजनामा समावेश गर्नु पर्ने योजना छनौट सम्वन्धमा | विशेष अनुदान कार्यक्रम अन्तर्गत यस सोलुदुधकुण्ड नगरपालिका मार्फत सञ्चालन गरिने योजनाहरूमध्ये प्राथमिकताका आधारमा देहाय बमोजिमको योजना छनौट गरी प्रदेश सरकार समक्ष प्रस्तावना पेश गर्ने निर्णय गरियो:<br>१. वर्षादको ढल/नाला व्यवस्थापन सम्बन्धी योजना, सोलुदुधकुण्ड नगरपालिका वडा नं. १, ३, ८ र ९। |
| ९. | खानेपानी निर्माण सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको निर्माणाधीन प्रशासनिक भवनमा खानेपानी जडान कार्य सम्पन्न गर्न प्राविधिक लागत अनुमानका आधारमा आवश्यक बजेट विनियोजन गरी योजना सञ्चालन गर्ने निर्णय गरियो। |
| १०. | DPR स्वीकृति सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन परिसरको सुरक्षा, संरक्षण तथा व्यवस्थापनलाई थप सुदृढ बनाउन आवश्यक ठानी Boundary Wall निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन (DPR) प्राविधिक रुपमा तयार गरिएको हुँदा सो DPR लाई समीक्षा पश्चात स्वीकृत गर्ने निर्णय गरियो। |
| ११ | सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको म्याद थप | सोलुदुधकुण्ड नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य निर्धारित समयभित्र सम्पन्न गर्नुपर्ने भए तापनि वर्षादका कारण सडक अवरुद्ध हुनुका साथै निर्माण सामग्री ढुवानीमा समेत कठिनाइ उत्पन्न भएकोले कार्य प्रगति प्रभावित भएको व्यहोरा सम्बन्धित निर्माण व्यवसायीबाट निवेदन प्राप्त भएकाले उक्त परिस्थितिलाई मध्यनजर गर्दै, प्राविधिक प्रतिवेदन तथा स्थलगत अनुगमनका आधारमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रशासनिक भवन निर्माण कार्यको सम्झौता बमोजिमको कार्यसम्पादन अवधिमा निर्माण कार्यलाई निरन्तरता दिई गुणस्तरीय रूपमा सम्पन्न गर्नका लागि निर्माण व्यवसायीलाई आ.व. २०८३ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो। |

| | | |
|---|---|---|
| १४. | स्तरवृद्धि सम्वन्धमा | कोशी प्रदेशको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा २७(४) बमोजिम गठित तहवृद्धि समितिको सिफारिस तथा कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विराटनगरको बढुवा समितिको मिति २०८२/१२/१३ को च.नं. २०१३ बाट प्राप्त राय समेतका आधारमा प्रचलित कानुन बमोजिम जेष्ठता कायम हुने गरी यस कार्यालयमा कार्यरत पशु सेवा प्राविधिक श्री प्रमित मगरलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा २७ बमोजिम सहायकस्तर पाँचौंबाट अधिकृतस्तर छैठौं तहमा स्तरवृद्धि गर्ने निर्णय गरियो। |
| १५. | स्नो संचार प्रा.लि. को स्नो एम्वेसडर सोलुखुम्वु कार्यक्रम सहयोग सम्वन्धमा | स्नो संचार प्रा.लि. द्वारा सञ्चालन गरिएको "स्नो एम्वेसडर सोलुखुम्बु कार्यक्रम" का लागि सहयोग माग भई आएकोले, उक्त कार्यक्रमले स्थानीय स्तरमा सूचना, सञ्चार तथा पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने देखिएको हुँदा, सोलुदुधकुण्ड नगरपालिकाको सम्बन्धित कार्यक्रम सहयोग शीर्षकबाट अक्षेरेपी रु. २५०००/- पच्चीस हजार मात्र सहयोग उपलव्ध गराउने निर्णय गरियो। |
| १६. | कार्यक्रम सहयोग सम्वन्धमा | माघे संक्रान्तिको अवसरमा मगर जातिद्वारा आयोजना गरिने "माघे संक्रान्ति कार्यक्रम" तथा साविक केरुङ वडा स्तरीय भलिवल प्रतियोगिता सञ्चालनका लागि सहयोग माग भई आएको सन्दर्भमा उक्त कार्यक्रमले स्थानीय धर्म, संस्कृति तथा पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने देखिएकोले, सोलुदुधकुण्ड नगरपालिकाको सम्बन्धित कार्यक्रम सहयोग शीर्षकबाट कैलाश्वरी युवा क्लव केरुङलाई रु. १,५०,०००/- अक्षरेपी रुपैयाँ एक लाख पचास हजार मात्र )मात्र सहयोग उपलव्ध गराउने निर्णय गरियो। |
| १७. | कार्यक्रम सहयोग सम्वन्धमा | खालिङ राई जातिको परम्परागत भाषा, कला, संस्कार तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण गर्ने उद्देश्यले "ख्याल तम्र कार्यशाला" सञ्चालन गर्न आवश्यक देखिएको हुँदा, उक्त कार्यशालाले स्थानीय समुदायमा सांस्कृतिक सचेतना अभिवृद्धि गर्नुका साथै पर्यटन प्रवर्द्धनमा समेत सकारात्मक योगदान पुऱ्याउने भएकाले सोलुदुधकुण्ड नगरपालिकाको संघसंस्था सहयोग कार्यक्रम शीर्षकबाट रु. ५,००,०००/- (अक्षेरेपी पाँच लाख रुपैयाँ मात्र) विनियोजन गरी आवश्यक कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |
| १८. | कार्यक्रम सहयोग सम्वन्धमा | अन्तर स्थानीय तहबीच सहकार्य, समन्वय तथा आपसी सम्बन्ध सुदृढ गर्ने उद्देश्यले खुम्बु पासाङल्हामु गाउँपालिका स्थित महेन्द्र ज्योति भूतपूर्व विद्यार्थी मञ्चद्वारा आयोजना गरिने "खुम्बु ल्होसार कप" कार्यक्रमले स्थानीय खेलकुद विकास, पर्यटन प्रवर्द्धन तथा सांस्कृतिक संरक्षणमा समेत टेवा पुऱ्याउने देखिएको हुँदा उक्त कार्यक्रम सञ्चालनका लागि सोलुदुधकुण्ड नगरपालिकाको पर्यटन शीर्षकबाट रु. ३,००,०००/- (अक्षेरेपी तीन लाख रुपैयाँ मात्र) विनियोजन गर्ने निर्णय गरियो। |
| १९. | फरफारक सम्वन्धमा | नगर तथा वडा कार्यालयबाट सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियालाई पारदर्शी, प्रभावकारी, समयमै सम्पन्न र गुणस्तरीय बनाउने, साथै अनुगमन तथा फरफारक प्रक्रियालाई सहज, छरितो र जिम्मेवार बनाउने उद्देश्यले नगर तथा वडा कार्यालयबाट सञ्चालन गरिने सम्पूर्ण आयोजना तथा कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा फरफारक कार्य सम्बन्धित वडामै स्थलगत रूपमा उपस्थित भई सम्पन्न गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। |
| २०. | इन्धन खर्च भुक्तानी/ समर्थन सम्बन्धमा | चालु आर्थिक वर्ष २०८२/०८३ को श्रावण महिनादेखि हालसम्म कार्यालय तथा मातहतका निकायहरूमा प्रयोग हुने सवारी साधन, उपकरण तथा अन्य आवश्यक कार्य सञ्चालनका लागि पेश भएको देहाय बमोजिमको इन्धन खर्च रकम भुक्तानी समर्थन गर्ने निर्णय गरियो।" |

<table>
<tr>
<td>२१.</td>
<td>हिमाल आरोहण सहयोग सम्वनधमा</td>
<td>यस सोलुदुधकुण्ड नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत रहेको "पर्यटन प्रवर्द्धन कार्यक्रम" बमोजिम स्थानीय नागरिकहरूलाई पर्वतीय पर्यटन क्षेत्रमा आकर्षित गर्ने, साहसिक पर्यटनको प्रवर्द्धन गर्ने तथा हिमाल आरोहण जस्ता जोखिमपूर्ण तर राष्ट्रिय गौरवसँग जोडिएका गतिविधिहरूमा सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले, सोलुदुधकुण्ड नगरपालिका वडा नं. ८ निवासी श्री पासाङ तामाङ ले विश्वको सर्वोच्च शिखर सगरमाथा हिमाल को सफल आरोहण गरी नगरपालिकाको प्रतिष्ठा तथा गौरव अभिवृद्धि गर्नुभएको हुँदा, उहाँको उक्त साहसिक कार्य, महत्वपूर्ण योगदान तथा उल्लेखनीय उपलब्धिको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहनस्वरूप रु. १,००,०००/- (अक्षरूपी एक लाख रुपैयाँ मात्र) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो</td>
</tr>
<tr>
<td>२२.</td>
<td>रकम विनियोजन सम्वन्धमा</td>
<td>सोलुदुधकुण्ड नगरपालिकाको चालु आ.व. २०८२/०८३ का लागि "विभिन्न दिवस खर्च" शीर्षक अन्तर्गत स्वीकृत रु. ५,००,०००/- (अक्षेरपी पाँच लाख रुपैयाँ मात्र) बजेटमध्येबाट घरेलु हिंसा प्रभावित व्यक्तिहरूलाई आवश्यक परामर्श, संरक्षण तथा पुनर्स्थापना सेवा प्रदान गर्ने उद्देश्यले सेवा केन्द्र सञ्चालनका लागि रु. २,००,०००/- (अक्षेरपी दुई लाख रुपैयाँ मात्र) विनियोजन गर्ने निर्णय गरियो।</td>
</tr>
<tr>
<td>२३.</td>
<td>कार्यालयको स्वामित्वमा रहेका सवारी साधनहरुको मर्मत खर्च अनुमोदन सम्वन्धमा</td>
<td>यस सोलुदुधकुण्ड नगरपालिकाको स्वामित्वमा रहेका विभिन्न सवारी साधनहरूको नियमित सञ्चालन तथा मर्मत सम्भार कार्य अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म भएको मर्मत खर्च विवरण देहाय बमोजिम रहेको देखिन्छ। सम्बन्धित सवारी साधनहरूको सञ्चालन, मर्मत तथा आवश्यक पार्टपूर्जा प्रतिस्थापनमा उक्त खर्च वास्तविक रूपमा भएको पुष्टि भएकाले प्रस्तुत खर्चलाई स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो<br>विवरण:
<table>
<tr><th>सि.नं</th><th>सवारी नं</th><th>सवारी चालकको नाम</th><th>हालसम्मको खर्च (.रु)</th></tr>
<tr><td>१</td><td>स १ च १७१७ एम्बुलेन्स</td><td>टेक बहादुर कार्की</td><td>३,६०,९७७.६५</td></tr>
<tr><td>२</td><td>वा-०१.प्र.०२- झ ६६८५ एम्बुलेन्स</td><td>विनोद श्रेष्ठ</td><td>४,१७,४५६.०५</td></tr>
<tr><td>३</td><td>प्र-०१.००१ च ०२४६ एम्बुलेन्स</td><td>अमर घिमिरे</td><td>२,९३,४२२.२१</td></tr>
<tr><td>४</td><td>प्र-०१.००१ ग ०२४६ दमकल</td><td></td><td>७४,०४२.३३</td></tr>
<tr><td>५</td><td>वा-०१.प्र.००१- ग ४०८८ ट्रिपर</td><td>राम बहादुर बुढाथोकी</td><td>१,४७,८६९.९०</td></tr>
<tr><td>६</td><td>वा ग -०५-०१.प्र.००२ ट्रिपर</td><td>लाखधन तामाङ</td><td>१,२२,५८०.३२</td></tr>
<tr><td>७</td><td>वा.१ ग. ३४०८ डोजर</td><td>भोजनलाल चौधरी</td><td>५,०६,२४६.८३</td></tr>
<tr><td>८</td><td>वा.१ ग. ३४१६ ट्रिपर</td><td>नवराज राई</td><td>४,६८,५४५.६९</td></tr>
<tr><td>९</td><td>प्र. ०१-००२ झ ६०७० टोयोटा</td><td>दावा छिरिङ शेर्पा</td><td>४,९८,८९५.००</td></tr>
<tr><td>१०</td><td>वा. १ झ. ९४९७ जीप</td><td>मिंगमार वराइली</td><td>२,६३,७५८.००</td></tr>
<tr><td>११</td><td>वा. १ झ २३४८ हाइलक्स जीप</td><td>चन्द्र कुमार नेवार</td><td>११,८०,३९४/२०</td></tr>
<tr><td>१२</td><td>मोटरसाइकलहरू (विभिन्न)</td><td></td><td>१,९२,८२२/५०</td></tr>
<tr><td>१३</td><td>एक्साभेटर</td><td></td><td>पेश भए वमोजिम</td></tr>
<tr><td>१४</td><td>रोलर</td><td></td><td>पेश भए वमोजिम</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>२४.</td>
<td>रकमान्तर तथा शीर्षकान्तर सम्बन्धमा</td>
<td>नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रमको रकमान्तर तथा शीर्षकान्तर सम्बन्धमा विभिन्न वडाबाट प्राप्त सिफारिसका आधारमा तपसिलमा उल्लेखित आयोजना/कार्यक्रमहरूको संशोधन प्रस्ताव तयार गरी आगामी नगरसभाको हिउँदे अधिवेशनमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| २५. | आयोजना बैंकमा आयोजना समावेश सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने विभिन्न विकास आयोजना तथा कार्यक्रमहरुलाई प्रभावकारी, दिगो र परिणाममुखी बनाउनका लागि तिनको प्राथमिकता निर्धारण गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले सञ्चालन गरिने कार्यक्रम/आयोजनाहरु प्रदेश आयोजना बैंकमा समावेश गर्नु अत्यावश्यक देखिएको हुँदा तपसिलमा उल्लेखित आयोजना तथा कार्यक्रमहरुलाई स्थानीय आवश्यकताहरु, उपलब्ध स्रोत–साधन, क्षेत्रगत सन्तुलन, जनसहभागिता, वातावरणीय प्रभाव, आर्थिक तथा सामाजिक प्रतिफल लगायतका आधारहरुलाई मध्यनजर गरी प्राथमिकताको आधारमा वर्गीकरण गर्ने र सोही बमोजिम प्रदेश सरकारको आयोजना बैंकमा समावेश गराउने प्रयोजनका लागि छनौट गर्ने निर्णय गरियो।<br>तपसिल<br>• सामुदायिक विद्यालय वालमैत्री विद्यालय व्यवस्थापन कार्यक्रम<br>• प्राविधिक धार सञ्चालित माद्यमिक विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम<br>• सामुदायिक विद्यालय प्रविधि मैत्री शिक्षण सिकाइ व्यवस्थापन कार्यक्रम<br>• आवासीय छात्रावास निर्माण<br>• सामुदायिक विद्यालयंहरुमा  शौचालय तथा स्वच्छ पिउने पानी प्रवन्ध<br>• मोपुङ वस्तीमा पर्यटकीय वजार, वडा नं २<br>• सोलुखोला भित्ताखर्क मोटरेवल पुल निर्माण, वडा नं ७<br>• वर्षातको पानी ढल निर्माण, वडा नं १,३,८ र ९<br>• सानो दुधकुण्ड मन्दिरको Beacetification र Landscape तयारी, वडा नं ४<br>• जलेश्वरी आवि भवन निर्माण, वडा नं ११<br>• स्वर्णिम आवि भवन निर्माण, वडा नं ६<br>• जनजागृति आवि भवन निर्माण, वडा नं ५<br>• दोर्पूवजार छुल्यामु डुलुम्से वडा कार्यालय भवन सडक, वडा नं ६ र ७<br>• आर्मी क्याम्प सोलुखुम्वु वहुमुखी थातेङ च्याल्सा भित्ते सडक, वडा नं ५,६ र ७<br>• वालमन्दिर परिसर वाल उद्यान निर्माण, वडा नं ५<br>• पोङ डाँडा वडा कार्यालय जाने सडक ढलान, वडा नं ४<br>• फाप्लु खोलाघारी सडक नाली निर्माण, वडा नं ४<br>• गणेश गुठी संस्था भवन तला थप र पूर्वाधार निर्माण, वडा नं ७<br>• वेनी स्वास्थ्य चौकी निर्माण, वडा नं २<br>• सोलुखोला रोशी जैदू कुनीखोप गोराखानी स्तरोन्नति  सडक, वडा नं ५<br>• डिजिटल सिटिजन चार्टर अनुगमन तथा मूलयांकन र वेरुजु व्यवस्थापन प्रणालीको सफ्टवेयर निर्माण<br>• यूवा सीपविकास तालीम, स्टार्ट अप तथा उद्यमशीलता प्रवर्धन कार्यक्रम<br>• वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरुको पुन: एकीकरण कार्यक्रम<br>• कृषिमा आधारित युवा उद्यम कार्यक्रम<br>• रमिते जिरो पोइन्ट हुदै वरवोटसम्म सडक स्तरोन्नति, वडा नं ११<br>• सिद्धिचरण राजमार्गको तिङला सिस्नेरी पहिरो व्यवस्थापन, वडा नं ११<br>• रमिते देखी वि.क.टोलसम्म कुलो मर्मत, वडा नं ११<br>• तिङला खानेपानी निर्माण, वडा नं ११<br>• टिम्वुरवोटे शहिद स्मृति पार्क निर्माण, वडा नं ११ |

| | | |
|---|---|---|
| | | • सिंहकाली मन्दिर पूर्वाधार निर्माण, वडा नं ११<br>• तिङला सारे गाउँघर क्लीनिक भवन निर्माण, वडा नं ११<br>• अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम<br>• लैङ्गिक हिंसा पीडित महिलाको संरक्षणका लागि सुरक्षित आवास केन्द्र संचालन व्यवस्थापन<br>• जेष्ठ नागरिक सेवा सम्वन्धी कार्यक्रम<br>• दलित, जनजाती समुदायको सशक्तिकरण कार्यक्रम<br>• महिला सशक्तिकरण तथा लैङ्गिक हिंसा विरुद्ध सचेतना अभियान कार्यक्रम<br>• विद्यालयमा किशोरी सशक्तिकरण कार्यक्रम<br>• दिङनासा भित्ताखर्क सडक स्तरोन्नति, वडा नं ७<br>• सेकारसिङ बाराने सोलुखोला सडक स्तरोन्नति, वडा नं ७<br>• मेन्दोपाके सेकारसिङ सडक स्तरोन्नति, वडा नं ७<br>• सेकारसिङ आवि भवन निर्माण, वडा नं ७<br>• वाराने तिङला जोड्ने झोलुङ्गे पुल निर्माण, वडा नं ७<br>• वडा स्तरीय खेलमैदान निर्माण, वडा नं ७<br>• भित्तेखोला सिंचाइ आयोजना, वडा नं ७<br>• लाप्चे माथिल्लो गार्मा तल्लो गार्मा<br>• नेमार खानेपानी आयोजना, वडा नं ७<br>• पर्यटन प्रवर्धन सम्वन्धी पार्क निर्माण, वडा नं ७<br>• तरकारी तथा फलफूल चिस्यान केन्द्र, वडा नं ७<br>• डेकु हेवाखोला पुल सम्म सडक ट्र्याक, वडा नं १<br>• गुरु रिम्पोछो मुर्ति स्थापना, वडा नं १<br>• सुम्निमा पारुहाङ प्रतिमूर्ति स्थापना, वडा नं १<br>• लुदु खानेपानी योजना, वडा नं १<br>• टाक्सिन्दू मावि खेलमैदान निर्माण, वडा नं १<br>• टाक्सिन्दू मावि अपाङ्ग मैत्री शौचालय निर्माण, वडा नं १<br>• सस्पेन्सन्स वृज निर्माण, वडा नं १<br>• २ कोठे भवन निर्माण दुधकुण्ड पोखरी, वडा नं १<br>• पोषण मैत्री स्थानीय वडा घोषणा<br>• आधारभूत अस्पतालको लागि आवश्यक औजार उपकरण |
| २६. | झो.पू. मर्मत सम्वन्धमा | सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११ स्थित भूतछाँगा झोलुङ्गे पुल मर्मत कार्य सम्पन्न गर्न आवश्यक भएकोले उक्त कार्यका लागि नगरपालिकाको भैपरी आउने योजना शीर्षक बाट रु. १,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ मात्र) विनियोजन गर्ने निर्णय गरियो । |